मुगुम कार्मारोङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पुलुमुगु,
कर्णाली प्रदेश, नेपाल
स्था:२०७३

☎ ९८५१०११११६०, ९८५८३२२७३७, ९८४९८९३०८०


प.सं ०८०/८१
च.नं:- ८२१

मिति:२०८०/१२/०२

## राष्ट्रपती महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम संचालनका लागि प्रस्ताव आव्हान गरिएको सूचना

**(प्रथम पटक सूचना प्रकाशित मिति २०८०/१२/०२)**

प्रस्तुत विषयमा महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको च.नं रा.म.उ.स.इ १२५, मिति २०८०/१०/०३ गतेको पत्रानुसार उक्त मन्त्रालयको चालु आ.व २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत राष्ट्रपति महिला सशक्तिकरण अन्तर्गत तपशिल बमोजिमको जिविकोपार्जन सुधार कार्यक्रम सञ्चालनका लागि अख्तियारि प्राप्त भएको हुँदा विपन्न र एकल महिला लाई कृषि तथा पशुपालन, पर्यटक तथा गैहकृषि क्षेत्रमा केन्द्रित भई स्थानीय विपन्न महिला लाई सिप विकास तालिम प्रदान गरि व्यवसाय स्थापना र संचालन गर्न खर्च अनुदान (टेवा पूँजी वा विउँ पूँजी) सहयोग उपलब्ध गराई रोजगार तथा स्वरोजगार सृजना गर्ने कार्यमा सहयोग गर्न र महिलाहरुको सामाजिक तथा आर्थिक सशक्तिकरण र व्यावसायिक प्रवर्द्धनका लागि स्थानीय तहले यस कार्यक्रम सञ्चालन गर्न संस्था छनौटका लागि सूचना प्रकाशन तथा प्रस्ताव आव्हान गर्नुपर्ने व्यवस्था बमोजिम उक्त आयमुलक कार्यक्रम सञ्चालन र अनुदानका लागि आवश्यक कागजात सहित सूचना प्रकाशित मितिले १५ दिन भित्र मुगुम कार्मारोङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा यसै साथ संलग्न मापदण्डको अनुसूची २ बमोजिमको ढांचामा प्रस्ताव पेश गर्नहुन सम्बन्धित सवैका लागि यो सूचना प्रकाशित गरिएको छ। साथै कार्यक्रम संचालन गर्ने संस्था छनौट ( अनुसूची- ३ बमोजिम हुने ) तथा संस्थाले गर्नु पर्ने कार्य, प्रस्ताव पेश गर्ने ढांचा, अनुदान, तालिम सम्बन्धि व्यवस्था " **राष्ट्रपती महिला उत्थान जिविकोपार्जन सुधार कार्यक्रम सञ्चालन सम्बन्धि मापदण्ड, २०७७** " बमोजिम हुने हुनाले अध्ययनका लागि कार्यालयको वेबसाइट www.mugumkarmarongmun.gov.np मा उपलब्ध छ। रित नपुगेका, म्याद नाघी प्राप्त हुन् आएका प्रस्तावहरु समावेश नहुने व्यहोरा समेत जानकारी गरिन्छ।

तपशिल

| क्र.स | कार्यक्रमको नाम | कुल बजेट | प्रस्ताव पेश गर्ने स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | राष्ट्रपती महिला उत्थान जिविकोपार्जन सुधार कार्यक्रम | ८९०००० | मुगुम कार्मारोङ गाउँपालिकाको कार्यालय, पुलुमुगु | |

**आवश्यक कागजातहरू**

१. संस्था विधान र निवेदन,
२. प्रचलित कानुन बमोजिम संस्था दर्ता वा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि,
३. आ.व. २०७९/०८०को लेखा परिक्षण प्रतिवेदन,
४. स्थायी लेखा नम्बर तथा आर्थिक वर्ष २०७९/०८० को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि,
५. प्रस्तावित कार्यक्रममा संस्थाको योगदानको अंश, अन्य निकायबाट प्राप्त हुने सम्भाव्य सहयोग वा साझेदारीको स्रोत सहितको यथार्थ विवरण,
६. कालोसूचीमा नपरेको र प्रचलित कानुन बमोजिम अयोग्य नरहेको स्वघोषणा ,
७. संस्था लक्षित महिलाहरुलाई सिप तथा व्यावसायिक विकास तालिम प्रदान गरि व्यक्तिगत वा सामुहिकरुपमा आयआर्जन व्यवसाय सञ्चालन गर्ने गरी संस्थाले व्यवसायको प्रकृति हेरी कम्तिमा पाँच दिनको तालिम पच्चिस जना लक्षित विपन्न र एकल महिलालाई आर्थिक उत्थान तथा सशक्तिकरण हुने गरि प्रदान गर्ने योजना व्यावसायिक सम्भाव्यता समेत उल्लेख गरी सहभागीलाई प्रदान गर्ने कार्यक्रमको अवधारणापत्र र व्यवसायिक योजना पेश गर्नु पर्ने छ।

०८०/१२/०२
मानानन्द रावल
प्रमुख प्रशासकीय अधिकृत

"बहुमुल्य जडिबुटी अर्गानिक खेति तामाखानी छायाक्षेत्र पर्यटन पूर्वाधारसमृद्ध समुन्नत मुगुम कार्मारोङ्का आधार -"


ई -मेल -:ito.mugumkarmarongmun@gmail.com,info@mugumkkarmarongmun.gov.np
वेब साइट:-www.mugumkarmarong.gov.np, फेसबुक@:mugumkarmarongmun,


Scanned with CamScanner